# <u>मेरिङ्देन गाउँ कार्यपालिका बैठक</u>

**बैठक संख्या: ०५**

**मिति:** २०७७/११/१२

**नेपालको संविधानको धारा २१४ (४) मा गाउँपालिकाको कार्यकारिणी कार्य गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था भएकोले मेरिङ्देन गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिका अध्यक्ष श्री गणेश बहादुर लिम्बुज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय अनुसार निर्णयहरु गरियो।**

## निर्णय नं. १.

चालू आ.व. २०७७/०७८ मा लक्षित वर्गहरुको लागि विभिन्न योजनाहरुको लागि विनियोजित रकमलाई देहाय वमोजिम गर्ने निर्णय गरियो।

निम्न:

| क्र.सं. | गाउँपालिकाबाट ८०% अनुदान | लक्षित वर्गबाट २०% लागत सहभागिता |
|---|---|---|
| १. | गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयबाट मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने। | निर्माण सम्बन्धी कार्य गर्ने, नगद सहभागिता गर्ने। |

## निर्णय नं. २.

चालू आ.व. २०७७/०७८ मा वडा नं. २ मा अविरल वर्षाको कारण भौतिक पूर्वाधार तथा सम्पत्तिको क्षति भएको कारण विपद् प्रभावित घरपरिवारहरुलाई सम्बन्धित वडा समितिको निर्णयानुसार निम्न वमोजिम राहत वितरण गर्ने निर्णय गरियो।

निम्न:

१. निम पाल्मु शेर्पा - रु. १०,०००/-
२. गौरव लिम्बु- रु. ७,०००/-
३. सन्त लिम्बु -रु. ४,०००/-
४. खड्ग सिं लिम्बु- रु. ३,०००/-
५. लाल बहादुर वि.क. - रु. २,०००/-
६. नरेन्द्र नाल्बो, विष्णुमाया नाल्बो र दल बहादुर नाल्बो संयुक्त- रु. १०,०००/-
७. पार्वता लिम्बु- रु. ४,०००/-
८. चन्द्र प्रसाद केदेम - रु. ५,०००/-
९. तेसेरिङ लिम्बु - रु. ५,०००/-

**जम्मा रकम रु. ५०,०००/- (अक्षेरेपी पचास हजार रुपैंया मात्र)**

**निर्णय नं. ३.**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ५०१ मिति २०७७/०९/२१ गतेको पत्रानुसार भूगोल र जनसंख्याको आधारमा ५ शैय्याको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नतीको लागि यस गाउँपालिकामा आगामी आ.व. २०७८/७९ मा निर्माण कार्य प्रारम्भ गरिने भएकोले मन्त्रालयबाट माग भएको विवरण वमोजिम निम्नानुसार निर्णय गरीयो।

निम्न:-

१. **खाम्लुङ स्वास्थ्य चौकी**लाई ५ शैय्याको अस्पतालको रुपमा स्तरोन्नती गर्ने र उक्त अस्पताल मेरिङदेन-३, देवल डाँडामा निर्माण गर्ने।
२. माथि उल्लिखित निर्णय बमोजिम जिल्ला समन्वय समितिको कार्यालय ताप्लेजुङमा सिफारिस माग गर्ने।
३. यसै वर्षको फाल्गुण मसान्तसम्ममा जग्गा व्यवस्थापन गर्ने।

**निर्णय नं. ४.**

चालू आ.व. २०७७/०७८ को लागि साना सिंचाई निर्माण मर्मत तथा संभार कार्यक्रमको लागि विनियोजित रकम रु. ३,००,०००/- (अक्षरेपी तीन लाख रुपैंया मात्र) बाट वडा नं. २ र ३ को लागि मेन्दाङ्वा खोलादेखि पाईपबाट पानी ल्याई सिंचाईको व्यवस्था गर्ने निर्णय गरीयो।

**निर्णय नं. ५.**

चालू आ.व. २०७७/०७८ को लागि भकारो सुधार कार्यक्रमका लागि विनियोजित रकम रु. ८,००,०००/- (अक्षरेपी आठ लाख रुपैंया मात्र)बाट वडा नं. १, ४ र ६ मा कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.**

चालू आ.व. २०७७/०७८ को लागि कृषिजन्य तथा फलफूलजन्य भण्डार केन्द्र निर्माण गर्न विनियोजित रकम रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैंया मात्र) बाट वडा नं. ५ थुकिमामा निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.**

यस वर्ष मेरिङदेन-५ थुकिमामा मनाईएको चासोक तङनाम सञ्चालन खर्च बिल वमोजिम रकम उपलब्ध गर्ने निर्णय गरियो।

**निर्णय नं. ८.**

यस गाउँपालिकाको क्षेत्रभित्र निर्माण भई सञ्चालनमा आएका देहायको सडकहरुले ओगटेको क्षेत्रफलको लगत कट्टा गर्ने र उक्त कार्यको लागि डिभिजन सडक कार्यालय ईलामलाई पत्राचार गर्ने तथा उक्त कार्य गर्दा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

निम्न:

क) मेरिङदेन सडकखण्ड (मेरिङदेन-३ दोभान बजारदेखि मेरिङदेन-६ पान्दोलुङ मा.वि. सम्म)
ख) दानापार्टीदेखि थेवारा, लाक्चुङ, थिङलाबु, थुङथाप सडकखण्ड

**निर्णय नं. ९.**

चालू आ.व. २०७७/०७८ मा उपभोक्ता समितिहरुबाट कार्यान्वियन गरिने योजना तथा कार्यक्रमहरुको लागि गठन भएका उपभोक्ता समिति फाल्गुण मसान्तसम्ममा गठन तथा सम्झौता गर्नुपर्ने निर्णय गरियो।

**निर्णय नं. १०.**

आ.व. २०७६/७७ मा गाउँपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित ऐन तथा नियम वमोजिम भएका काम कारवाही तथा खर्चको लेखांकन सम्बन्धी महालेखा परीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण सम्बन्धी वैठक समक्ष जानकारी भयो।

**निर्णय नं. ११.**

चालू आ.व. २०७७/०७८ मा जातीय भेदभाव तथा छुवाछुतमुक्त गाउँपालिका घोषणा अभियानको लागि गाउँ कार्यपालिकाको मिति २०७७/११/२४  गते गठित समितिहरुको वैठक यहि मिति २०७७/११/१९ गते मङ्गलबारका दिन वैठक सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२.**

गाउँ कार्यपालिकाको कार्यालय सञ्चालन गर्नको लागि भवन अभाव भई कार्य सम्पादनमा असर पुग्न गएको हुँदा थप घरभाडा लिइएकोलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३.**

नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट अभियानको रुपमा सञ्चालन गरिने राष्ट्रिय परिचय पत्र फाराम दर्ता अभियान समन्वय तथा सहजिकरणमा कुनै कमी नहुने गरी कार्यान्वयन तथा प्रचारप्रसार गर्ने निर्णय गरियो।

**निर्णय नं. १४.**

नेपाल सरकार सशर्त अनुदानको रुपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) सञ्चालन गर्न प्राप्त बजेटबाट श्री पान्दोलुङ माध्यमिक विद्यालय नाल्बुमा सञ्चालन गर्ने निर्णय गरीयो।

**निर्णय नं. १५.**

यस गाउँपालिकामा स्थायी बसोबास भएका तपशिल बमोजिमका व्यक्ति वा संस्थाहरुलाई निम्नानुसार राहत उपलब्ध गर्ने निर्णय गरियो।

निम्न:

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | विपद्को किसिम | राहत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | लाक्पा छेकी  शेर्पा | मेरिङदेन-२ | आगोलागी | रू.१५,०००/- | |
| २. | अपेक्षा केदेम | मेरिङदेन-३ | गोरुले हानी टेकेको | रु. १५,०००/- | |
| ३. | सुक बहादुर तामाङ | मेरिङदेन-५ | क्यान्सर भएको | रु. २०,०००/- | |
| ४. | लाक्पा दिकि शेर्पा | मेरिङदेन-३ | क्यान्सर भएको | रु. २०,०००/- | |
| ५. | सरस्वता कुमारी लिम्बु | मेरिङदेन-५ | मृगौलामा समस्या | रु. २०,०००/- | |

**निर्णय नं. १६.**

यस गाउँपालिकाको सव-इन्जिनियर तथा विभिन्न स्वास्थ्य चौकीहरुमा रिक्त रहेका दरवन्दीमा करारमा प्राविधिक र अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम सेवा करारमा विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

**निर्णय नं. १७.**

वि.सं. २०७७/११/२४ गते सोमबारका दिन **गाउँपालिका स्तरीय नारी दिवस** मेरिङदेन-१ थिङलाबु वडा कार्यालय भवनमा सञ्चालन गर्ने र उक्त कार्यक्रमको लागि रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैंया मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.**

यस गाउँपालिका क्षेत्रभित्र नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन भईरहेको ग्रामीण विद्युतीय आयोजना कार्यान्वयन, सहजीकरण र सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. १९.**

यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण घरपरिवार तथा संघ संस्थाहरुलाई पुग्ने गरी वि.सं. २०७८ सालको वार्षिक शैक्षिक पात्रो २०७५ सालमा गठित समितिलाई आवश्यकतानुसार हेरफेर गरी वैठकबाट तय गरी प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. २०.**

यस गाउँपालिकाबाट हालसम्म पारित विभिन्न ऐन, नियम तथा कार्यविधि र राजपत्रहरुको संग्रह प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. २१.**

यस गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना यसै आर्थिक वर्ष भित्र निर्माण प्रक्रिया थालनी गर्ने निर्णय गरियो।